# विराटनगर महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**विराटनगर, मोरङ**

**कोशी प्रदेश, नेपाल**

प.सं.२०८१/०८२
च.न. ३८५ (व)

मितिः २०८१/०८/१०

विषयः- स्थानीय तह स्तरीय १७ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।

श्री विद्यालयहरु सबै

विराटनगर महानगरपालिका, मोरङ ।

प्रस्तुत विषयमा मिति २०८१/०८/०९ गतेको स्थनीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको बैठकको निर्णय बमोजिम विराटनगर महानरपालिकामा नगरस्तरीय १७ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८१/०८/२८ गते देखि ३० गते सम्म आयोजना गरिने र श्री पोखरिया मा.वि., विराटनगर-३ ले उक्त प्रतियोगिता संचालनका लागि आयोजकको ( सदस्य-सचिव) जिम्मेवारी पाएकाले तोकिएको समय भित्र ( २०८१/०८/२४) उक्त प्रतियोगितामा सहभागी हुन इच्छुक खेलाडीहरूको नाम दर्ता गराउन हुन यस पालिका अन्तर्गतका विद्यालयहरुलाई अनुरोध छ। तोकिएको मिति भन्दा पछि दर्ता हुन आएका विद्यालय तथा खेलाडीहरूलाई प्रतियोगितामा समावेश नगराइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**खेलकुद प्रतियोगितामा भाग लिनका लागि विद्यालयहरुले अपनउनु पर्ने नियमहरू**

१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० ( पाँचौं संसोधन २०८०।०८।११) मा व्यवस्था भए बमोजिम गर्नु गराउनु हुन ।
२. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत १८ वर्ष भन्दा मुनिका छात्र/छात्रा हुनुका साथै सम्बन्धित विद्यालयबाट IEMIS कोड प्राप्त गरेको हुनु पर्नेछ ।
३. फाराम भर्दा अनिवार्य रुपमा २ वटा फोटा, जन्मदर्ता प्रमाणपत्र/ नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
४. स्थानीय स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० ( पाँचौं संसोधन

८/१०

विराटनगर महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**विराटनगर,मोरङ**
कोशी प्रदेश
नेपाल

प.सं.२०८१/०८२
च.न. ३८५ (व)

२०८०।०८।११) को अनुसूची-१ बमोजिमको फाराम भरी भराई आयोजकलाई बुझाउनु पर्नेछ ।

५. स्थानीय स्तरीय प्रतियोगितामा संचालन गरिने खेल इभेन्ट्सहरू अनुसूची-४ मा भए बमोजिम हुनेछ।

६. स्थानीय स्तरीय प्रतियोगितामा सहभागि हन आउँदा प्रत्येक विद्यालयबाट टिम इभेन्टसहरूमा एक-एक टिम र अन्य इभेन्ट्सहरूमा एक-एक जना खेलाडीहरुलाई मात्र सहभागि गराउन सकिनेछ । एथलेटीक्स इभेन्ट्समा प्रत्येक खेलाडीहरूले बढिमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाक इभेन्ट्समा भाग लिन पाउनेछन् ।

७. प्रत्येक विद्यालयले भलिबल खेलतर्फ बढीमा ९/९ जना सम्म छात्र/छात्राहरू पठाउन सक्नेछन् ।

८. खेलको क्रममा कुनै विवाद आएमा सम्बन्धित विद्यालय,आयोजक तथा सम्बन्धित खेल प्रशिक्षकहरूको सामूहिक निर्णय बमोजिम समाधान गरिनेछ ।

९. प्रतियोगिता सम्बन्धी थप जानकारी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० ( पाँचौं संसोधन २०८०।०८।११) बाट प्राप्त गर्न सकिने र उक्त निर्देशिका युवा तथा खेलकुद मन्त्रालयको वेवसाइटबाट प्राप्त गर्नु हुन।

२०८१।८।१०

रामप्रसाद ढुंगेल
महाशाखा प्रमुख